
जोरायल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय रावतकट्टे, डोटी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

# जोरायल गाउँपालिका

## रावतकट्टे, डोटी

### आर्थिक वर्ष २०८१/०८२ को बार्षिक सामाजिक परीक्षण



**कार्यक्रम प्रतिवेदन**




सामाजिक परीक्षक संस्था
लर्ड बुद्ध मिडिया हाउस प्रा.लि.,डोटी

लर्ड बुद्ध मिडिया हाउस प्रा.लि.

## सामाजिक परीक्षकको तर्फबाट

सामाजिक परीक्षणको अवधारणा बेलायत लगायत केही युरोपीयन मुलुकहरुमा सन १९७० को दशकमा उद्योग, व्यापार र रोजगारीको क्षेत्रमा भएको पाईन्छ । त्यसैबेलादेखि सामाजिक परीक्षणलाई आर्थिक क्षेत्रमा भन्दा पनि सामाजिक क्षेत्रमा केन्द्रित गरिएको पाईन्छ । नेपालमा सरकारले गरेका कामहरु पारदर्शी हुनु पर्ने, जनताले सरकारका हरेक गतिविधिको सूचना पाउनुपर्ने र सरकार जनताप्रति जवाफदेही हुनुपर्ने माग २०५० सालमा उठेको पाईन्छ । प्रतिपक्ष दलहरुबाट संसदमै पारदर्शीता, जवाफदेहीता र सुशासनको विषयमा आवाज उठेपछि तत्कालीन सरकारले सरकारका हरेक क्रियाकलापहरु पारदर्शी हुने र सरकार जनताप्रति अवाफदेही हुने प्रतिवद्धता व्यक्त गरेको थियो । द्वन्द्व कालमा उक्त प्रतिवद्धता पुरा हुन सकेन । नेपालमा कार्यरत अन्तराष्ट्रिय गैससहरुले उक्त विषयलाई उठान गर्दै आए । त्यसपछि सरकारले सार्वजनिक निकायहरुमा सामाजिक जवाफदेहीताका औजारहरु प्रयोग गर्न शुरु गऱ्यो ।

अहिले सबै सार्वजनिक निकायहरुमा वर्षमा एक पटक सामाजिक परीक्षण अनियवार्य रुपमा गर्नुपर्ने नीतिगत व्यवस्था गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरेको छ । यस्तै जोरायल गाउँपालिकाको सामाजिक परीक्षण कार्यधिधि, २०७८ को दफा ३ अनुसार आ.व. समाप्त भएको ४ महिनाभित्र सामाजिक परीक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कानूनी तथा नीतिगत व्यवस्था हुँदाहुँदै पनि डोटी जिल्लाका स्थानीय तहहरुले सामाजिक परीक्षण गरिरहेका छैनन् । यस अवस्थामा बिगत ४ बर्षदेखि जोरायल गाउँपालिकाले भने सामाजिक परीक्षण गर्ने कार्यलाई निरन्तरता दिएको पाईएको छ । यसरी नै अन्य स्थानीय तहहरु र सबै सार्वजनिक निकायहरुले पनि विधिवत् रुपमा सामाजिक परीक्षण गर्न सके राम्रो हुने देखिन्छ ।

यस गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षण कार्यशाला यही मिति २०८२ साल भाद्र ६ गते सम्पन्न भएको छ । सामाजिक परीक्षणका क्रममा आवश्यक सहयोग तथा मार्गनिर्देश गर्नुहुने जोरायल गाउँपालिकाका अध्यक्ष दुर्गादत्त ओझा ज्यू, उपाध्यक्ष जमुना बोहरा ज्यू, प्रमुख प्रशासकीय गणेशदत्त भट्ट ज्यू, वडाध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्यहरु, सभाका सदस्यहरु, गाउँपालिकाका सम्पूर्ण शाखा/ईकाईका प्रमुख तथा अन्य कर्मचारीहरुप्रति सामाजिक परीक्षण सहजीकरण गर्ने संस्था लर्ड बुद्ध मिडिया हाउस प्रा.लि.डोटीको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछौं । यस्तै सूचना संकलनको क्रममा आवश्यक सूचना तथा प्रतिवेदन उपलब्ध गराई दिने विषयगत कार्यालयका प्रमुख तथा सबै कर्मचारीहरु, गैससका पदाधिकारी तथा कर्मचारीहरुप्रति धन्यवाद व्यक्त गर्न चाहान्छौं । विभिन्न शाखाबाट सूचना संकलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हुने गाउँपालिकाका सूचना अधिकारी श्री चन्द्रसिंह ऐडी ज्यूलाई पनि विशेष धन्यवाद छ ।

CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

सामाजिक परीक्षणको कार्यशाला गोष्ठीमा सहभागि भई सामाजिक परीक्षकहरुबाट प्रस्तुत गरिएको प्रतिवेदनमा रचनात्मक टिप्पणी तथा आवश्यक सुझावहरु दिएर प्रतिवेदनलाई पूर्णता दिनमा सहयोग पुऱ्याउनु हुने सबै प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

गाउँपालिकाको सामाजिक परीक्षणका क्रममा थुप्रै रचनात्मक सुझावहरु आएका छन् । ति सुझावहरुको कार्यान्वयनमा गाउँपालिका, राजनीतिक दलका आदरणीय नेता ज्यूहरु र विषयगत कार्यालयहरुको समेत महत्वपूर्ण भुमिका रहनेछ भन्ने आशा बोकेका छौं । गाउँपालिका एक्लैले गरेर समग्र विकास र सुशासन कायम हुन सक्दैन । त्यसैले सबैको पहल कदमीका लागि सामाजिक परीक्षकको तर्फबाट आग्रह समेत गर्दछौं ।

**धन्यवाद !**

**सामाजिक परीक्षकहरु :**

१. रामहरि ओझा
२. झलक पाली
३. प्रेम बहादुर नेपाली
४. केशव नारायण जोशी

**सहजीकरण गर्ने संस्था :**

लर्ड बुद्ध मिडिया हाउस प्रा.लि.डोटी

मिति : २०८२/०५/२० गते

CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## कार्यकारी सारांश

स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्बन्धित स्थानीय निकायको सो आर्थिक वर्षको सामाजिक परीक्षण हो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५)मा स्थानीय तहहरुले समाजिक परीक्षण गर्नुपर्ने प्रावधान छ । यसै अनुसार जोरायल गाउँपालिकाले सामाजिक परीक्षण कार्यविधि, २०७८ को अधिनमा रही जोरायल गाउँपालिकाको कार्यालय, डोटीको आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षण गरिएको छ ।

सामाजिक जिम्मेवारी पूरा गरे नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गर्न आवश्यक सूचना तथा जानकारी संकलन गर्ने क्रममा स्थानीय निकायसँग सम्वन्धित विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन तथा समिक्षा गरिएको थियो । त्यस्तै गाउँपालिकाका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुख, आयोजना प्रमुख, विषयगत कार्यालय प्रमुख लगायत सम्वन्धित कर्मचारी तथा सरोकारवालाहरूसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता लिनुका साथै छलफल समेत गरिएको थियो । यसरी प्राप्त सूचना तथा जानकारीहरूको आधारमा गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन तयार गरी सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिएको थियो । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

गाउँपालिकाको सामाजिक जिम्मेवारी सम्पादनतर्फ यस सामाजिक परीक्षणबाट देखिएका सबल पक्षहरु यसप्रकार छन् :

- कृषिमा प्रविधिको विकास गर्न सहयोग भईरहेको,
- जनताले विकास निर्माणका कार्यहरुमा चाँसो राख्न थालेका
- भौतिक विकास स मानुपातिक वितरण भईरहेको ।
- गत वर्षभन्दा रकम भुक्तानीमा सहज भएको ।
- कृषकको स्तर उकास्ने खालका कार्यक्रम संचालन भएको ।
- गाउँपालिकाले पर्यटकीय विकासमा राम्रो लगानी गरिरहेको
- बगर खेतीको शुरुवात भएको
- स्थानीय उत्पादनमा बृद्धि भईरहेको
- लक्षित समुदायको सशक्तिकरण भईरहेको

यस्तै उक्त सामाजिक परीक्षणबाट देखिएका सुधार गर्नुपर्ने पक्षहरु यस प्रकार छन् :

- कृषकहरुलाई प्राविधिक सहयोग र अनुगमन निरन्तर हुनुपर्ने ।
- स्थानीय उत्पादनको बजारीकरणमा विशेष जोड दिनुपर्ने ।

- कृषिलाई थप प्रविधिमैत्री बनाईनुपर्ने ।
- स्थानीय स्तरमा रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- विद्यालय शिक्षाको गुणस्तरमा जोड दिनुपर्ने ।
- प्राविधिक शिक्षामा जोड दिनुपर्ने
- जोरायल-बुडर सडक छिटो कालोपत्रे गर्नुपर्ने ।
- विचौलियाले आफुखुशी कृषि उपज खरिद गर्ने गरेको (समर्थन मुख्य कामय गर्नुपर्ने)
- वडा नं. ६ को जारिमघाट खोलामा पक्की पूल निर्माण पहिलो प्राथमिकतामा राखिनुपर्ने ।

## सामाजिक परीक्षण प्रतिवेदन

### १. पृष्ठभूमि

'सामाजिक परीक्षण' भनेको कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण गर्ने कार्य हो, जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । स्थानीय तहहरूले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारी पुरा गरे/नगरेको सम्बन्धमा लेखाजोखा गर्ने कार्य नै सम्वन्धित स्थानीय तहको सो आ.व.को सामाजिक परीक्षण हो । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरू छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ, भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ (५) स्थानीय तहहरुले सामाजिक परीक्षण गर्नुपर्ने भन्ने व्यवस्था गरेको छ । यस्तै जोरायल गाउँपालिकाले निर्माण गरेको सामाजिक परीक्षण कार्यविधि, २०७८ ले आर्थिक वर्ष सम्पन्न भएको पहिलो चार महिनाभित्र सामाजिक परीक्षण गरिसक्नु पर्ने व्यवस्था गरेको छ । उक्त कार्यविधि अनुसार सामाजिक परीक्षणका लागि विज्ञको समूहलाई सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिनु पर्दछ । साथै, निर्धारित योग्यता भएको विज्ञ उपलब्ध भएको कुनै परामर्शदाता संस्था, कम्पनी वा फर्मलाई समेत सामाजिक परीक्षकको रूपमा सेवा करारमा लिन सकिन्छ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय निकायले एक समन्वय समितिको गठन समेत गर्न सक्दछ । तर, समन्वय समितिको गठन बाध्यात्मक भने छैन ।

सामाजिक जिम्मेवारी पूरा गरे/नगरेको सम्बन्धमा अनुसन्धानात्मक ढंगबाट अध्ययन तथा विश्लेषण गरे पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय निकायको योजना तर्जुमाका विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्मा पेश गर्नुपर्ने प्रावधान रहेको छ । यसरी स्थानीय निकायबाट भएका कामहरूले सामाजिक उपलब्धि के कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्मको आँकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी भएको देखिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय निकायलाई ठूलो टेवा पुग्ने गर्दछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरूले सघाउँछन् । सामाजिक परीक्षण कार्यविधि, २०७८ को अधिनमा रही जोरायल गाउँपालिकाले विधिवत् रुपमा सामाजिक परीक्षण कार्य गर्ने अभ्यास अन्तरगत आर्थिक वर्ष २०८१/०८२ को सामाजिक परीक्षण गरेको छ ।

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

२. **उद्धेश्य** : मुख्यतया सामाजिक परीक्षण गर्नुका निम्न उद्देश्यहरु रहेका छन् :

- गाउँपालिकाले एक वर्षसम्म गरेका क्रियाकलापहरुमा सरोकारवालाहरुको बृहत छलफल गर्ने ।
- स्रोतको समानुपातिक वितरण र सहयोग गर्ने प्रक्रियाका सबै क्रियाकलापहरुलाई पारदर्शी बनाउने ।
- आगामी दिनका लागि सरोकारवालाहरुसंग सुझावहरु संकलन गर्ने ।
- गाउँपालिकालाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउने ।
- गाउँपालिकाको न्युनतम् शर्त तथा कार्यसम्पादन मापनमा उत्तीर्ण हुन सहयोग पुऱ्याउने ।

३. **सामाजिक परीक्षण प्रक्रिया**

१. सन्दर्भ सामग्री समीक्षा र अध्ययन

- स्थानीय तह सम्वन्धी ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- वार्षिक नीति तथा कार्यक्रम र बजेट
- सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्वन्धी अभिलेख तथा सूचना
- नागरिक बडापत्र
- वार्षिक प्रतिवेदन
- गाउँपालिकाका अन्य अभिलेखहरु र प्रकाशनहरू

२. अन्तरवार्ता र समूह छलफल

- जनप्रतिनिधिहरु, शाखा प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता गरिएको थियो । प्रमुख समस्या, चुनौती तिनीहरूको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा अध्ययन ।

३. प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल

- गाउँपालिकाको सामाजिक परीक्षण कार्यविधि, २०७८ को अनुसूची २ मा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसारका शीर्षकमा केन्द्रीकृत रही छलफलका लागि प्रस्तुत गरिएको थियो ।
- गत सामाजिक परीक्षणका निष्कर्षहरू
- गत सामाजिक परीक्षणले औंल्याएका सवालहरू
- सुझावहरू संकलन

४. **सामाजिक परीक्षणको सिमा :**

जोरायल गाउँपालिकाको सामाजिक परीक्षण भएता पनि गाउँपालिकाभित्र क्रियाशील र गाउँपालिकाको विकासमा प्रत्येक्ष वा अप्रत्येक्ष रुपमा योगदान दिने केही सरकारी तथा गैह्रसरकारी संस्थाहरूबाट भएका प्रयास तथा उपलब्धीलाई समेत यस अध्ययनमा समावेश गर्ने प्रयास भएको छ । छोटो समयावधी र सिमित स्रोतको परिधिभित्र रहेर कार्य सम्पन्न गर्नुपर्ने भएकाले यस

CamScanner

किसिमका सम्पूर्ण संस्थाहरूलाई भने समावेश गर्न सकिएको छैन । साथै, अधिकांश सूचनाहरू द्वितीय श्रोतबाट संकलन भएका र प्राथमिक श्रोतबाट प्राप्त सूचनाहरू सूचनादाताको मौलिक विचारबाट पनि प्रभावित भएका हुन सक्दछन् ।

## ५. कार्यशालाको विस्तृत विवरण

५.१ प्रारम्भिक प्रतिवेदन प्रस्तुतिको तयारी :

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुतिको कार्यक्रममा उपस्थित भई अन्तरक्रियामा सहभागी हुन गाउँपालिकाकाप्रमुख सरोकारवालाहरू तथा उपभोक्ताका प्रतिनिधिहरू (जनप्रतिनिधि, कर्मचारी, नागरिक समाज, पिछडिएका वर्ग, सञ्चारकर्मीहरु, महिला प्रतिनिधि, स्थानीय गैसस, सामुदायिक संस्थाहरूलाई सार्वजनिक सूचना प्रकाशन/प्रसारण, पत्र तथा टेलिफोनमार्फत् आमन्त्रण गरिएको थियो ।

५.२ प्रारम्भिक प्रतिवेदन प्रस्तुति तथा छलफल :

क) मिति : २०८२ भाद्र ६ गते

ख) स्थान : जोरायल गाउँपालिकाको कार्यालय, डोटी

ग) समय : १२.३० देखि ४:१५ बजेसम्म

घ) उपस्थिति : ६२ जना

५.४ कार्यशालाको विस्तृत विवरण :

**कार्यक्रम सञ्चालक** : झलक पाली (सामाजिक परीक्षक)

**सभाध्यक्ष** : दुर्गादत्त ओझा (गाउँपालिका अध्यक्ष)

**सहभागिहरु**

: जमुना बोहरा (गाउँपालिका उपाध्यक्ष)
: गणेशदत्त भट्ट (प्रमुख प्रशासकीय अधिकृत)
: गम बहादुर खत्री (कार्यवहाक वडा अध्यक्ष, वडा नं. १)
: बिर बहादुर दर्लामी (वडा अध्यक्ष, वडा नं. २)
: नविन ओझा (वडा अध्यक्ष, वडा नं. ३)
: नन्दराज भट्ट (वडा अध्यक्ष, वडा नं. ४)
: गणेश बोहरा (वडा अध्यक्ष, वडा नं. ६)
: कार्यपालिका सदस्यहरु
: वडा सदस्यहरु
: विषयगत शाखा प्रमुख तथा प्रतिनिधिहरु
: सेवाग्राहीका प्रतिनिधिहरु
: सञ्चारकर्मीहरु

सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुत : रामहरी ओझा (सामाजिक परीक्षक)

**खुला छलफलको सहजीकरणमा बुँदा टिपोट** : केशवनारायण जोशी (सामाजिक परीक्षक)

**धन्यवाद ज्ञापन तथा समापन मन्तव्य** : जोरायल गाउँपालिकाका अध्यक्षद्वारा आएका सुझावहरु कार्यान्वयन गर्ने प्रतिवद्धता सहित कार्यक्रम समापन भएको जानकारी ।

**गाउँपालिकाका आर्थिक वर्ष ०८१/०८२ का राम्रा अभ्यासहरु**

- प्रत्येक वडामा बर्थिङ सेन्टर, ल्याब स्थापना भई स्वास्थ्य सेवामा पहुँच वृद्धि भएको ।
- छाउपडी प्रथा, बालबिवाह न्यूनिकरण गर्नका लागि प्रत्येक वडामा बालक्लब गठन तथा परिचालन भएको ।
- छाउपडी गोठ मुक्त टोल घोषणा गर्ने कार्य भइरहेको ।
- वडादेखि अधिकाङ्श टोल/बस्तीसम्म सडक सञ्जाल विस्तार भएको ।
- अनलाइन प्रणाली मार्फत राजश्व संकलन भइरहेको ।
- शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य प्रारम्भ गरिएको ।
- विद्युतीय भुक्तानी प्रणाली (EFT) मार्फत भुक्तानी प्रक्रियालाई सरल, व्यवस्थित तथा प्रभावकारी बनाइएको ।
- गाउँपालिकाबाट प्रवाह गरिने विभिन्न सेवालाई थप सहज, सरल र सुविधायुक्त बनाउनको लागि एकीकृत घुम्ती शिविर कार्यक्रम संचालन भएको ।
- गाउँपालिका क्षेत्र भित्रका मारुनी नाँच, पैसेरी नाँच, पञ्चेबाजा, गमरा लगायतका स्थानीय लोक संस्कृति जगेर्ना तथा सांस्कृतिक सम्पदा एवं मठमन्दिरहरुको संरक्षण भएको ।
- बालबालिकालाई खेलकुदमा सहभागी गराई उनिहरुको शारीरिक, मानिसक र सामाजिक विकासमा सहयोग पुग्ने उद्देश्यले बालक्लबहरुलाई खेलकुद सामाग्री वितरण गरिएको ।
- आर्थिक अनुशासन तथा पारदर्शिता कायम गरी सुशासनको प्रत्याभूति गराउन गाउँपालिका अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलापहरुको सामाजिक परिक्षण, सार्वजनिक सुनुवाई कार्यक्रम नियमित संचालन गरिएको ।
- दश वर्षे गाँउ शिक्षा योजना, २०७८-२०८७ निर्माण गरी कार्यान्वयन गरिएको ।
- निशुल्क शिक्षा कार्यान्वयनका लागि गाउँपालिका शिक्षक अनुदानको व्यवस्थापन गरिएको ।
- आवासीय विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य शुरु गरिएको ।
- साना तथा लघु उद्यम व्यवसायहरुलाई प्रोत्साहन गर्न तथा उद्यमशिलता विकास गरी रोजगारी सृजना तथा स्थानीय उत्पादनलाई विकास र विस्तार गर्न युवा उद्यमी प्रोत्साहन कार्यक्रम संचालन गरिएको ।
- पालिकाले ४२ रोपनी जमिन लिजमा लिएर बगर खेती कार्यक्रम संचालन गरिएको ।

**६. गाउँपालिकाका आ.व. ०८१/०८२ का मुख्य मुख्य उपलब्धीहरु**

- स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन सम्पुर्ण वडाहरुमा दर्ता सहयोगी छनौट
- निशुल्क आँखा जाँच तथा शल्यक्रिया शिविर सञ्चालन

- २,५३० जना किसानहरुलाई मौसमी तथा बेमौसमी तरकारी बिउँबिजन वितरण
- करिब ४२ रोपनी जमिन भाडामा लिई लहरेबाली परीक्षण
- पशु बिमा सञ्चालन
- जेष्ठ नागरिकहरुलाई सम्मान सहित कम्मल वितरण गरिएको ।
- कर्मचारीहरुको विद्युतीय हाजिरी प्रणाली जडान
- अनलाइन प्रणाली मार्फत राजश्व संकलन
- करिब ९६ % घरधुरीमा आधारभूत स्तरको खानेपानी सेवामा पहुँच
- पालिका भित्रका बजार क्षेत्रमा डस्टविन वितरण
- पानीका मूहानहरु संरक्षण
- छाउपडी गोठमुक्त टोल घोषणा गरी १६० जना महिला तथा किशोरीहरुलाई सम्मान
- वार्षिक शैक्षिक कार्यक्रम सहितको कार्यपात्रो (शैक्षिक क्यालेन्डर) प्रकाशन तथा वितरण
- कृषक/कृषाक समूहलाई प्रविधि सहयोग
- गर्भ तथा गर्भवती, सुत्केरीसँग सम्बन्धी मातृमृत्यू शुन्य
- विशेषज्ञ चिकित्सक सहितका स्वास्थ्य शिविरहरू सञ्चालन

**७. गाउँपालिकाले भोगेका प्रमुख समस्याहरु :**

- दरबन्दी अनुसारका कर्मचारी पदपूर्ति हुन नसक्दा सेवा प्रवाहमा अप्ठ्यारो हुनु ।
- संघीय सरकारबाट प्राप्त हुने समानिकरण अनुदान कटौती हुनु ।
- गाउँपालिकाको आन्तरिक आम्दानी थोरै हुनु ।
- ठेक्का सम्झौता भएका ठूला योजनामा ठेकेदारको लापरवाहीले गर्दा निर्माण कार्य अलपत्र पर्नु ।
- इन्टरनेट र विद्युतमा आउने समस्याका कारण अनलाइन सेवा प्रवाहमा बाधा आउनु ।
- प्राकृतिक स्रोत तथा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) को मापदण्ड अवलम्बन गरी अत्याधिक दोहन रोक्न नसक्नु ।
- भौगोलिक दुरीका कारण विद्यालय समायोजनमा समस्या हुनु ।
- शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी मिलान गर्न समस्या

धन्यवाद ।

**सामाजिक परीक्षकहरु**

१. रामहरि ओझा
२. झलक पाली
३. प्रेम बहादुर नेपाली
४. केशवनारायण जोशी

**सहजीकरण गर्ने संस्था :**

लर्ड बुद्ध मिडिया हाउस प्रा.लि. डोटी
मिति : २०८२/०५/२० गते

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

## कार्यशाला गोष्ठीमा प्रस्तुत भएको समाजिक परीक्षकको प्रतिवेदन

### १. गाउँपालिकाको प्रारम्भिक जानकारी

#### क) संक्षिप्त परिचय

यस गाउँपालिका क्षेत्रको नाम "जोरायल" किन रहन गयो भन्ने विषयमा एकमत देखिदैन । तर महाभारतको कथा अनुसार भीमले जरासन्ध नामक राक्षकलाई दुई तिघ्रा समातेर बिचोबिच च्यातेर फाल्दा एक भाग यस क्षेत्रमा परेको हुँदा जरासन्धबाट 'जरालय' हुँदै 'जोरायल' भएको हो भन्ने धेरैको मत छ । कौरवहरुसँग जुवा हारेपछि १२ बर्षको बनबास र एक बर्षको गुप्तबासका क्रममा संयोगले एकदिन उनीहरू 'जोरायलको शिरस्थानस्थित चौड़ेथल महाभारत पर्वत' मा आइपुगे । चौड़ेथल जगत्तड़ी पर्वतको बसाइसितै एकदिन त्यहाँबाट तलतिर पर्ने 'जोरायल'को भौगोलिक दृश्य हेर्न जाँदा चौतर्फी प्राकृतिक सुन्दरताले ओतप्रोत भएको र बीचमा उपत्यका जस्तो परेको सम्म फाँटलाई जलमग्न अवस्थामा देखे । त्यो जलमग्नताको रहस्य बुझ्न समग्र भूगोल परीक्षण गर्दा त्यसको पुछारस्थान अर्थात् निकास मार्ग 'नङ्गेउठी' (बेत्थीखोला) भन्ने ठाउँमा वरपरबाट दुईवटा डाँडाहरू सतहदेखि आपसमा मिलेको र माथिको भाग एक आपसमा खुला रहँदा सतहबाट पानी जम्मा भएर त्यसको झण्डै १०० मिटर माथिबाट पानी उतातिर छहरा जस्तो भई बग्दा जलमग्नता रहेको देखे ।

उनीहरुले जोरायलको जल निकास गरेर त्यसलाई बस्ती योग्य बनाइदिने योजना सहित दुई डाँडाहरू जोड़िएको ठाउँ 'नङ्गेउठीमा' जल निकासमार्ग बनाए । यसरी जोरायलको जल निकास भइसकेपछि विगतमा जलमग्न स्थानको भू-भाग कहाँ के-कस्तो रहेछ भनी माथि हेर्दै जाँदा हालको सिलङ्गीबाग भन्ने ठाउँमा एउटा अजङ्ग र अर्धअंग भएको जीव त्यहाँ लडिबुडी गरिरहेको अवस्थामा देखियो । 'मगध देशमा राक्षस जरासन्धसँग भगवान श्रीकृष्णको युद्ध हुँदा पाण्डव भ्राता भीमले भगवान कृष्णको संकेतमा दुई खुट्टा समाति च्यातेर अर्धअंग बनाई शरीरको एउटा आधा फक्लेटो आकास मार्ग तिर फाल्ने क्रममा कसरी-कसरी यहाँ आइपरेको प्रत्याभूति हुन पुग्यो किनभने मगध देशमा भएको 'जरासन्ध+कृष्ण' युद्धमा पाण्डव सखाहरू सहभागी थिए भन्ने कुरा श्रीमद्भावगत महापुराणको 'दशंम्-स्कन्ध'मा आख्यानात्मक वर्णन पाइन्छ ।

राक्षस जरासन्धले त्यहाँका राजा-महाराजादेखि सर्वसाधारण जन जीवनमाथि हिंसात्मक आतंक र उपद्रो मचाएका कारण युद्धमा यस्तो दुर्दशा गरिएको कुरा अवगत भएपछि उसको सचेतन शारीरिक अर्धांशले पुनः जोरायल क्षेत्रमा पनि त्यसै किसिमको पीड़ा-आतंक पार्ला भन्ने पाण्डवहरूले जरासन्धको बध गरे । त्यसैले यसको नाम जोरायल रहन गएको हो भन्ने जनश्रुति छ ।

यस्तै चारैतिर डाँडाकाँडा भएको र विचमा समथर जग्गा भएको र उक्त जग्गा जलासययुक्त अवस्थामा रहेकोले पहिलो 'जलासय' नाम रहेको र पछि जलासयबाट अपभ्रंश हुँदै जोरायल भएको भन्ने भनाई पनि छ । जल निकास भई बसोवास गर्न योग्य भएपछि उक्त स्थानमा बिभिन्न ठाउँका व्यक्तिहरु बसोवास गर्न आएका कारण यसलाई "जोडीजाडी जोरायल" भन्ने गरेको पनि सुनिन्छ । एकथरीको बुझाईमा जोरायलको शीर्षस्थानमा 'ज्वालादेवी' (जरादेवी) विराजमान भएकीले सोही नामाक्षरको आधारमा 'जोरायल' भएको हो भन्ने छ । भू-बनोट अनुसार

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

भित्री मधेश जस्तो ठाउँ हुँदा विगतमा यहाँ औलो ज्वरोको प्रकोप भइरहने हुँदा 'जोरायल' भएको हो भन्ने पनि छ।

समग्रमा हेर्दा जरासन्ध नामको राक्षसको अंगको एक भाग जोरायलमा परेको र त्यो भागको बध गरिएको हुँदा नै यसलाई जोरायल भनिएको हो भन्ने तर्क नै बलियो देखिन्छ।

स्थानीय तहको पुनर्संरचना गर्ने क्रममा यस क्षेत्रका ६ गाउँ विकास समितिहरु (छतिवन, घण्टेश्वर, सरस्वतीनगर, लक्ष्मिनगर, निरौली र गड्सेरा) मिलाएर यस गाउँपालिकाको स्थापना भएको हो। यस गाउँपालिकामा हाल ६ वडा रहेका छन्।

ऐतिहासिक धार्मिक एवं पर्यटकीय क्षेत्र तेले लेकसँग जोडिएको यस गाउँपालिकामा विभिन्न प्रकारका संस्कृति र सम्पदाहरु रहेका छन्।

**ख) सिमाना :**

पूर्व : बडीकेदार गाउँपालिका, डोटी
पश्चिम : डडेल्धुरा जिल्ला
उत्तर : शिखर नगरपालिका र डडेल्धुरा जिल्ला
दक्षिण : कैलाली जिल्ला

**ग) राजनैतिक एवम् प्रशासनिक विभाजन**

| | |
|---|---|
| प्रदेश | : सुदूरपश्चिम |
| जिल्ला | : डोटी |
| गाउँपालिका | : जोरायल |
| केन्द्र | : वडा नं. ३, राउतकट्टे |
| गाउँपालिकाका वडा संख्या | : ६ |

**घ) भौगोलिक स्थिति :**

समुद्री सतह देखिको उचाई : ११२६ मि.
आक्षाँश : २९° ३२' ००"
देशान्तर : ८०°६८' ८९"
कुल क्षेत्रफल : ४१९.०९ वर्ग किलोमिटर

**ङ) स्थानीय बजार तथा व्यापारिक केन्द्र**

| वडा नं. | बजारको नाम |
|---|---|
| १ | गैरा, घोरडी, गोगनपानी, मणीपुर, खडिना, सुन्लेक, गोल्डेन, भानाकोट, बेल्वाप्लान |
| २. | बुडर, गरुड, रुपसकाँडा, बाँजीलेक, भट्टीखोला, पत्तडा, छतिवन, मिलचौराहा, बसेनी, कमलानदी, मेलखोला, धारापानी, क्रेसर बजार, रिठा |
| ३. | उपरकोट, राउतकट्टे, चनकट्टे, सेला |
| ४ | बाँजीलेक, क्याम्पस रोड, चौराहा, देउथला, खैगाड, हाट, सिलङ्गीबाग, खैरखोला, छेपन्ना, जिरो प्वाइन्ट |

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल


गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | |
|---|---|
| ५ | सिस्मडा, सेराबजार, खहडा, चौकी, खतेंडी, मनोहर बजार, लेकाली, बडिगाड, खल्बस्ता |
| ६ | खसरे, निरौली, कफलतडी, बागबजार, सितलबजार, शिर्षिखेत, जारिमघाट, गुनड |

**च) जनसंख्या विवरण :**

जम्मा जनसंख्या : १९७८८
महिला : १००७०
पुरुष : ९७१८
जनघनत्व : ४७
परिवार संख्या : ४३२०
लैङ्गिक अनुपात : ९६.५०
साक्षरता प्रतिशत : ७७.८ (महिला : ६८.९, पुरुष : ८७.१)*(**स्रोत :** जनगणना, २०७८)*
मतदाता संख्या : १३६८८ (स्रोत : निर्वाचन आयोग नेपाल)
मतदान केन्द्र संख्या : १०

**छ) १५ बर्षमूनिको जनसंख्या अवस्था**




***स्रोत :** राष्ट्रिय जनगणना, २०७८*

**ज) अपाङ्गता परिचय पत्र पाएका व्यक्तिहरुको संख्या (२०८१/०८२)**

| अपाङ्गता वर्ग | संख्या | | | गत बर्ष |
|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | |
| क | १५ | २० | ३५ | ३५ |
| ख | ३९ | ५५ | ९४ | ९७ |
| ग | १३ | ३४ | ४७ | ४५ |
| घ | २६ | ४० | ६६ | ६३ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ९३ | १४९ | २४२ | २४० |

**स्रोत :** *जोरायल गाउँपालिका, २०८२*

**झ) भु-उपयोगको स्थिति**

| क्र.स. | प्रकार | क्षेत्रफल (हेक्टरमा) | गत वर्ष |
|---|---|---|---|
| १ | सिँचाई हुने कृषियोग्य जमिन | ५१८ | २०१० |
| २ | कृषियोग्य बाझो जमिन | ९०० | १२००० |

**स्रोत :** *जोरायल गाउँपालिका, २०८२*

**ञ) गाउँपालिकाभित्रका मुख्य कृषि उत्पादनहरु**

| क्र.स. | बालीको नाम | क्षेत्रफल (हेक्टरमा) | उत्पादन दर मे.ट. | कूल उत्पादन मे.ट. |
|---|---|---|---|---|
| १ | मकै | ५०५ | ४.५ | २२७३ |
| २ | धान | ५१० | ६.४ | ३२६४ |
| ३ | गहुँ | ४०० | ३.४ | १३६० |
| ४ | जौ | १५१ | ३.६ | ५४३.६ |
| ५ | कोदो | १ | ३.५ | ३.५ |
| ६ | तोरी | ७ | १.५ | १०.५ |
| ७ | आलु | ७५ | १३ | ९७५ |
| ८ | तरकारी | ५१० | ५ | २५५० |
| ९ | फलफूल | ५१५ | ६ | ३०९० |
| १० | दलहन बाली | ७०० | ४.५ | ३१५० |
| ११ | मसला बाली | ६०० | १.३८ | ८२८ |
| १२ | औधोगिक बाली | ५ | ३ | १५ |
| | कूल जम्मा | ३९७९ | | १८०६३ |

**स्रोत :** *जोरायल गाउँपालिका, २०८२*

**ट) सामाजिक सेवा तथा फोहर मैला व्यवस्थापन :**

- एम्बुलेन्स : २ (एक मर्मत गर्नुपर्ने अवस्थामा)
- सार्वजनिक शौचालय संख्या : ४

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**ठ) सडक/यातायत**

कालोपत्रे सडक (राजमार्ग) : ५०.६४ कि.मि

ग्रावेल सडक : ४१.७ कि.मि.

कच्ची सडक : ३४२.०९ कि.मि.

सडक पुगेका वडा : ६

**स्रोत** : *जोरायल गाउँपालिका, २०८२*

**ड) शैक्षिक स्थिति**

**१. शैक्षिक संस्था संख्या**

| क्र.स | शैक्षिक संस्थविवरण | संख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा |
| १ | बाल विकास केन्द्र | ६३ | ४ | ६७ |
| २ | आधारभूत बिद्यालय | ४४ | ४ | ४९ |
| ४ | माध्यमिक विद्यालय | ११ | ० | ११ |
| ५ | फरक प्रकृतिका माध्यमिक | ० | ० | ० |
| ६ | प्राविधिक शिक्षालय | ० | ० | ० |
| ७ | स्नातक/स्नातकोत्तर तह | २ | ० | २ |

*(**स्रोत** : जोरायल गाउँपालिका, डोटी, २०८२)*

**२. विद्यार्थी संख्या**

| क्र.स. | तह | विद्यार्थी संख्या | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | वाल विकास केन्द्र | ५११ | ५५८ | १०६९ |
| २. | आधारभूत तह (१-५) | ११५४ | १३०० | २४५४ |
| ३ | आधारभूत तह (६-८) | ७५१ | ७३४ | १४८५ |
| ४. | माध्यमिक तह (९-१०) | ३५८ | २८५ | ६४३ |
| ५ | माध्यमिक तह (११-१२) | २२७ | १४० | ३६७ |
| कुल जम्मा | | **३००१** | **३०१७** | **६०१८** |

**स्रोत** : *जोरायल गाउँपालिका, २०८२*

**३. शिक्षक संख्या**

| क्र.स. | तह | | जम्मा दरवन्दी | | | रिक्त | | |
|---|---|---|---|---|---|---|---|---|
| | | दरवन्दी | राहात | नीजि | जम्मा | दरवन्दी | राहात | जम्मा |
| १ | बाल विकास केन्द्र | ४६ | ० | २२ | ६६ | ० | ० | ० |
| २. | आधारभूत तह (१-५) | ९७ | ६१ | ३८ | १९६ | ० | ० | ० |

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | आधारभूत तह (६-८) | २१ | १७ | २५ | ६२ | ० | ० | ० |
| ४. | माध्यमिक तह (९-१०) | १६ | १० | २१ | ४७ | ० | ० | ० |
| ५ | माध्यमिक तह (११-१२) | ४ | ८ | ८ | २० | ० | ० | ० |

(**स्रोत** : *जोरायल गाउँपालिका, २०८२*)

**ट) स्वास्थ्य सेवा**

| क्र. सं. | विवरण | संख्या |
|---|---|---|
| १. | प्राथमिक स्वास्थ्य केन्द्र | १ |
| २. | स्वास्थ्य चौकी | ५ |
| ३. | बर्थिङ्ग सेण्टर | ८ |
| ४. | आयुर्वेदिक औषधालय | १ |
| ५. | माइकोसकोपीक सेन्टर | ३ |
| ६. | ल्याब सेवा | ६ |
| ७. | गाउँघर क्लिनिक | २२ |
| ८. | खोप केन्द्र | २९ |
| ९. | महिला स्वास्थ्य स्वयंसेविका | ७९ |

**स्रोत** : *जोरायल गाउँपालिका, डोटी, २०८२*

## २. गाउँपालिकाका लक्ष्य तथा उद्देश्यहरू :

२.१ लक्ष्य : "जोरायलबासीको रोजगारी, आय तथा जीवनस्तरमा गुणात्मक तथा दीगो सुधार गर्ने"

### २.२ उद्धेश्य

(१) व्यवसाय उन्मुख कृषि, पर्यटन तथा पूर्वाधार विकासबाट आर्थिक सामाजिक रुपान्तरण गर्ने ।
(२) सेवा प्रवाहलाई प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउने ।
(३) वित्तीय अनुशासन कायम गर्ने ।
(४) समृद्ध नेपाल सुखी नेपालीको नारा अनुरुप जनताको जिवनस्तर, आम्दानी र रोजगारी वृद्धि गर्ने ।
(५) आर्थिक विकास तथा गरिबी निवारण गर्ने ।
(६) फोहोरमैला व्यवस्थापन र सार्वजनिक स्थलको सरसफाई गर्ने ।
(७) स्थानीय लोक संस्कृति तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्ने ।
(८) ऐतिहासिक स्थलहरुको संरक्षण र सम्वर्द्धन गर्ने ।
(९) दीगो विकास, वातावरण संरक्षण र संवर्द्धन गर्ने
(१०) पूर्वाधार विकास र ग्रामीण विद्युतीकरण गर्ने ।
(११) महिला, बालबालिका र पिछडिएका क्षेत्र र समुदायलाई प्राथमिकता दिने ।
(१२) स्थानीय अर्थतन्त्र दीगो, फराकिलो र समावेशी बनाउन उत्पादन र उत्पादकत्वमा जोड दिने
(१३) स्थानीय राजश्व परिचालनलाई दीगो, भरपर्दो र फराकिलो बनाउने ।

**२.३ गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका नीतिगत आधारहरु**

- नेपालको संविधानको अनुसूचि ८ र ९ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगिकार गरेको पन्ध्रौं आवधिक योजना (२०७६/०७७-२०८०/०८१ ले निर्धारण गरेको लक्ष्य, नीति तथा प्रथमिकताहरु
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- संघीय सरकार एवं प्रादेशिक सरकारबाट प्राप्त बजेट सिलिङ्ग र सोको साथमा प्राप्त बजेट तर्जुमा गर्दा लिनु पर्ने आधारहरु
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु
- राजस्व परामर्श समितिको प्रतिवेदन
- गाउँकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- गाउँपालिकाको पार्श्वचित्र,
- गाउँपालिकाको आवधिक योजना
- संघीय र प्रदेश सरकारबाट समपुरक अनुदानको लागि आवश्यक पर्ने लागत साझेदारी रकम

**३. गाउँपालिकाले बहन गरेको सामाजिक जिम्मेवारी**

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | ०८०/०८१ के अवस्था | ०८१/०८२ को अवस्था |
|---|---|---|---|---|
| १ | पैदल हिडेर वा सार्वजनिक यातायात चढेर एक घण्टा भित्र स्वास्थ्य चौकी पुग्न सक्ने घरधुरी | संख्या | ३९०० | ३९५० |
| २ | वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएका ६ महिनादेखि ५ वर्षमुनिका बालबालिका | प्रतिशत | ८९% | प्रथम चरण १११५ दोस्रो चरण १०९५ |
| ३ | पूर्ण खोप लगाउने एक बर्ष मुनीका बालबालिका | प्रतिशत | ९८.१% | ९६% |
| ४ | प्रसूतिपूर्व ८ पटक गर्भजाँच गराउने महिलाहरु | प्रतिशत | ४९५ | ३२ % |

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ५ | प्रसूति पश्चात आमा र नवशिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराउने महिला | | ५७.४% | १६८ जना |
| ६ | दक्ष स्वास्थ्यकर्मीबाट प्रसुति गराउने महिला | प्रतिशत | ४७% | ५५% |
| ७ | आईरन चक्की (जम्मा २२५ वटा) खाएका गर्भवती तथा सुत्केरी महिला | प्रतिशत | ५१% | ५१% |
| ८ | स्थानीय स्वास्थ्य संस्था/स्वास्थ्य चौकीबाट सेवा लिने घरपरिवार | संख्या | ४२०० | ४१०९ |
| ९ | कोभिड विरुद्ध खोप लाउनेको संख्या (तेस्रो डोज) | संख्या | | जम्मा ११०४ |

**शिक्षा**

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | ०८१/०८२ को अवस्था | गत वर्षको अवस्था |
|---|---|---|---|---|
| १ | आधा घण्टा भित्र प्राथमिक विद्यालय पुग्ने बालबालिका | प्रतिशत | ९६ | १०० |
| २ | पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | प्रतिशत | ७४.३ | ९८ |
| ३ | प्राथमिक विद्यालयमा पहूँच नभएका सो उमेर समुहका बालबालिका | प्रतिशत | १ | ० |
| ४ | कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | प्रतिशत | छात्रा ९५.८% /छात्र ९६.१% | ९६ |
| ५ | प्राथमिक तहमा कुल भर्ना दर | प्रतिशत | १३५ प्रतिशत | १३५.५ |
| ६ | प्राथमिक तहमा उत्तीर्ण दर | प्रतिशत | ८७ प्रतिशत | १०० |
| ७ | आधारभूत शिक्षा(कक्षा ८) प्राप्त गरेका बालबालिका | प्रतिशत | ९३.९ | ९४ |
| ८ | प्राथमिक तहमा तालिम प्राप्त शिक्षक | प्रतिशत | ९८ प्रतिशत | ९८ प्रतिशत |
| ९ | दरबन्दी अनुसार पदपूर्ति भएका विद्यालय | प्रतिशत | सबै | ५२ |

CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १० | बालमैत्री धारा भएका विद्यालय | संख्या | ४५ | |

**खानेपानी तथा सरसफाई**

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | ०८०/०८१ के अवस्था | ०८१/०८२ को अवस्था |
|---|---|---|---|---|
| १ | सुलभ खानेपानी सुविधा पुगेको परिवार | % | २८ | ३१ |
| २ | शौचालय प्रयोग गर्ने घरपरिवार | % | ९९ | ९९ |
| ३ | खानेपानी सुविधा भएका विद्यालय (सामुदायिक, संस्थागत) | संख्या | ६१ | ५९ |
| ४ | शुलभ शौचालय भएका विद्यालय (सामुदायिक, संस्थागत) | संख्या | १७ | २१ |
| ५ | टोल, वस्तीमा भएका सार्वजनिक शौचालय | संख्या | ४ | ४ |
| ६ | आफ्न्नै घरमा धारा भएको परिवार संख्या | संख्या | ३०४६ | ३१६५ |
| ७ | सार्बजनिक धारा प्रयोग गर्ने परिवार संख्या | संख्या | ६४५ | ५१५ |

**रोजगारीको अवस्था**

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | ०८०/०८१ के अवस्था | ०८१/०८२ को अवस्था |
|---|---|---|---|---|
| १ | स्थानीय प्रयासवाट उपलव्ध रोजगारी | संख्या | | ३० जना |
| २ | स्वरोजगारमा संलग्न घरपरिवार | संख्या | | ६ जना |
| ३ | कृषि तथा पशुपालन क्षेत्रमा स्वरोजगार/रोजगारी | संख्या | १४७ | १३० जना |
| ४ | लघु तथा घरेलु उद्यम | संख्या | ९० | १६ |
| ५ | लघु, घरेलु उद्यममा संलग्न महिला, दलित, विपन्न | संख्या | ८० | ४६ |
| | न्यूनतम् १०० दिनको रोजगारीमा संलग्न श्रमिक | संख्या | १४६ | ७५ |
| | सूचिकृत बेरोजगार | संख्या | | ७८९ |

**पशु विकास**

| क्र.सं. | सामाजिक जिम्मेवारीको क्षेत्र | ईकाई | ०८०/०८१ के अवस्था | ०८१/०८२ को अवस्था |
|---|---|---|---|---|
| १ | रेविज बिरूद्धको खोप | संख्या | २४३ | २७८ कुकुरमा |

| | | | | |
|---|---|---|---|---|
| २ | पशु उपचार | संख्या | ८९३५ | १८५९९ |
| ३ | घाँस विकास कार्यक्रम | कृषक | ४ हे. | ४७८ |
| ४ | कृत्रिम गर्भाधान कार्यक्रम | संख्या | ३१ | ३५ गाई/भैसी |
| ५ | बाख्रा वितरण कार्यक्रम | परिवार | ३२ | २५ |
| ६ | भैसि प्रवर्द्धन कार्यक्रम | संख्या | ९ | |
| **पूर्वाधार** | | | | |
| क : सडक | | | | |
| १ | सडकको प्रकार | इकाइ | **२०८०।०८१ को अवस्था** | **२०८१।०८२ को अवस्था** |
| २ | कालोपत्रे सडक | किमि | ५०.६४६ | ५२.१५८ |
| ३ | ग्रावेल सडक | किमि | ४१.७ | ४२.१८ |
| ४ | कच्ची/ट्र्याक ओपन | किमि | ३३७.३४ | ३५६.१७५ |
| ५ | केन्द्रमा सडक पुगेका वडा संख्या | संख्या | ६ वटै | ६ वटै |
| ख : भवन | | | | |
| १ | आफ्नै भवन भएका वडा | संख्या | ६ | ६ |
| २ | सामुदायिक भवन/ आमा समूह भवन | संख्या | ४५ | ५१ |
| ग : सिचाइ | | | | |
| क्र.स. | सिचाईको प्रकार | इकाइ | **२०८०।०८१ को अवस्था** | **२०८१।०८२ को अवस्था** |
| १ | पोखरी | संख्या | २५ | ३५ |
| २ | नहर | कि.मि. | | |
| ३ | पक्की कुलो | कि.मि. | १.६३५३५ | १.९७५३५ |
| ४ | कच्ची | कि.मि. | ६३.५ | ६३.१६ |
| ५ | आकाशे संकलन टंकी | कि.मि. | ५८ | ५८ |
| ६ | लिफ्ट सिचाई | संख्या | १ | १ |
| ङ : विद्युतीकरण | | | | |
| १ | विद्युत पुगेको परिवार | प्रतिशत | ९० | ९२ |
| २ | सौर्य बत्ति जडान भएको परिवार | प्रतिशत | ९.५ | ७.५ |

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | उज्यालो नपुगेको परिवार | प्रतिशत | ०.५ | ०.५ |
| **महिला तथा बालबालिका** | | | | |
| १ | कमतौल, पुड्को र ख्याउटेपन भएका पाँच वर्ष मुनिका बालबालिका | जना | ३ | १ |
| २ | जन्म दर्ता भएका ५ वर्ष मुनिका बालबालिका | जना | ३१७ | १९६ |
| ३ | बाल बिवाह गर्ने बालबालिका | संख्या | ७२ | ६२ |
| ४ | बाल श्रमिक | संख्या | ० | ० |
| ५ | बाल क्लव तथा संजाल | संख्या | ७ | ७ |
| ६ | घरपरिवार र समुदायमा महिला र बालबालिका विरुद्ध भएका हिंसा वा दुव्यवहारका घटना | संख्या | ४ | २ |

*स्रोत : जोरायल गाउँपालिका, डोटी २०८२*

**४. न्यायिक कार्यसम्पादन**

(क) दर्ता भएका र फर्च्यूट भएका मुद्दा संख्या

| लगत | किनारा | बाँकी |
|---|---|---|
| ९ | ९ | ० |

*स्रोत : जोरायल गाउँपालिका, डोटी २०८२*

**(ख) विवादका किसिमहरु**

क) पती - पत्नीविचको सम्बन्ध विच्छेद ।

ख) नावालक छोरा छोरीलाइ इज्जत आमद अनुसार खान लाउन वा शिक्षा दिक्षा नदिएको ।

ग) ज्यठ नागरीकको पालनपोषाण तथा हेरचाह नगरेको ।

घ) सरकारी सार्बजनीक वा सामुदायीक बाहेक एकाको हकको जग्गा अर्कोले चापी मिची वा घुसाइ खाएको ।

ङ) ज्याला मजदुरी नदिएको ।

च) लेनदेन सम्बन्धमा ।

छ) गाली बेइज्जती ।

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

### ५. सूशासन

| सूचक | यस वर्ष (०८१/०८२) |
|---|---|
| गाउँपालिकाको कार्यालयमा नागरिक बडापत्र | भएको |
| सार्वजनिक सुनुवाई संख्या | ३ पटक |
| गुनासो सुनुवाईको अवस्था | भएको |
| सूचना मागका लागि आएका निवदेनहरुको संख्या | ७ वटा (लिखित) |
| सार्वजनिक परीक्षणको अवस्था | भएको |
| उपभोक्ता समितिलाई अनुशिक्षण | नभएको |
| योजनाको बारेमाजानकारी | भएको |
| वडा तहमा सार्वजनिक सुनुवाईको अवस्था | वडा नं. २ र ६ मा भएको |

*स्रोत : जोरायल गाउँपालिका, डोटी २०८२*

### ६. कृषि अनुदान सम्वन्धी विवरण

| क्रसं | कार्यक्रमको नाम | कृषि अनुदानको क्षेत्र | अनुदान |
|---|---|---|---|
| १ | नयाँ सुन्तला जात पकेट विकास कार्यक्रम संचालन | संघिय सरकार शसर्त अनुदान चालु | १२ लाख |
| २ | किसान सूचिकरण कार्यक्रम | संघिय सरकार शसर्त अनुदान चालु | ३ लाख |
| ३ | कृषि पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रम | संघिय सरकार शसर्त अनुदान चालु | ६० हजार |
| ४ | एक पालिका एक नमूना नगदेबाली प्रवर्द्धनको लागि कृषि र सिंचाई सहकार्य कार्यक्रम | सुदुर पश्चिम प्रदेश शसर्त अनुदान पुँजीगत | १२ लाख |
| ५ | सुन्तलाजात फलफूल बिरुवा स्याहार अनुदान | सुदुर पश्चिम प्रदेश शसर्त अनुदान चालु | ९ लाख |
| ६ | अध्यक्ष विशेष कृषि विकास कार्यक्रम | नेपाल सरकार समानिकरण अनुदान | ५ लाख ४० हजार |
| ७ | रैथाने कृषि उपज वस्तुहरु लेवलिङ्ग प्याकेजिङ्गमा सहयोग कार्यक्रम | सुदुर पश्चिम प्रदेश समानिकरण अनुदान | ५० हजार |
| ८ | धान दिवस | आन्तरिक श्रोत नगद | १ लाख |
| | जम्मा | | ३२६०००० |

*स्रोत : जोरायल गाउँपालिका, डोटी २०८२*

CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**७. गाउँपालिकाको बित्तीय अवस्था**

| सूचक | आ.व. ०८०/०८१ | आ.व.०८१/०८२ |
|---|---|---|
| कुल आन्तरिक आम्दानी | ६३,८७,४१२.६५ | ५४,८४,४७१.७८ |
| कुल बाह्य आम्दानी | ४८,४१,७५,२६४.८४ | ४८,९२,३२,५८०.०१ |
| कुल खर्च | ४५,६९,९३,६६५.५२ | ४८,२७,१२,०११.४५ |
| पूँजीगत खर्च | ९,६०,३७,५३४.०० | १२,०४,९०,९८२.४४ |
| सञ्चालन खर्च | ३६,०९,५६,१३१.५२ | ३६,२२,२१,०२९.०१ |
| फ्रिज भएको रकम | २,१५,२९,०९७.५९ | २,०९,२७,४०६.४३ |
| बेरुजूको अवस्था | ९८,६६,६४३<br>–कुल १७,१०,९८,३३३ (आ.व.२०८०/०८१ सम्ममा) | |
| गाउँपालिकाले बेरुजू फछ्र्यौट गर्नका लागि विशेष योजना बनाउनु पर्ने देखिन्छ । | | |

**८. सामाजिक सुरक्षा कार्यक्रम**

**क) सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको संख्या**

| आ.व | ज्येष्ठ नागरिक अन्य | ज्येष्ठ नागरिक दलित | एकल महिला | अपाङ्गता | | क्षेत्र तोकिएको बालबालिका | दलित बालबालिका |
|---|---|---|---|---|---|---|---|
| | | | | क वर्ग | ख वर्ग | | |
| ०८०/०८१ | १०७५ | ११९ | ३७६ | ३१ | ९२ | १४६३ | ३१८ |
| ०८१/०८२ | ११५३ | १२८ | ३८४ | ३५ | ९४ | १४०८ | २९१ |

ख) व्यक्तिगत घटना दर्ता

| वर्ष | जन्म | | मृत्यु | | बसाइसराइ | | विबाह | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|
| | बालिका | बालक | म | पु | म | पु | | |
| ०८०/०८१ | २९३ | ३१ | ५४ | ७५ | ९३ | ३९३ | २०८ | ८ |
| ०८१/०८२ | २४३ | २५८ | ५१ | ६२ | १०७ | ३४१ | २०६ | ८ |

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७२

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## ९. गाउँपालिकाको संस्थागत क्षमताको लेखाजोखा

### (क) कर्मचारीको अवस्था

| अधिकृतस्तर | | सहायकस्तर | | तहबिहिन | |
|---|---|---|---|---|---|
| स्थायी | करार | स्थायी | करार | स्थायी | करार |
| ५ | ७ | ४८ | ५१ | ६ | ३३ |

- अधिकृतस्तरका स्थायी दरबन्दीमध्ये ३ रिक्त छन, १ करारमा छन ।
- नेपाल सरकारको स्वीकृत करारतर्फ अधकृितस्तरको १ दरवन्दी रिक्त (रोजगार संयोजक) रिक्त छ ।
- सहायकस्तर ७० स्थायी दरवन्दीमध्ये १५ दरवन्दी रिक्त छन्, ८ जना करारमा कार्यरत छन् ।

### (ख) भौतिक सामग्री बिवरण

| विवरण | परिमाण | प्रयोजन | अवस्था |
|---|---|---|---|
| जमिन | | | |
| भवन (वडाका समेत) | १० | कार्यालय संचालन | संचालनमा |
| एम्बुलेन्स | २ | आपतकालिन सेवा | एक मर्मत गर्नुपर्ने अवस्थामा |
| गाडी (पिकअप) | १ | कार्यालय कामकाज | सक्रिय |
| मोटरसाइकल | २२ | कार्यालय कामकाज | १९ सक्रिय, ३ थन्किएको |
| स्कुटर | १ | कार्यालय कामकाज | सक्रिय |
| डेस्कटप कम्प्युटर | ३४ | कार्यालय कामकाज | २९ चालु ५ बिग्रेको |
| प्रिन्टर | ५८ | कार्यालय संचालन | ५३ चालु ६ बिग्रेको |
| ल्यापटप | ६३ | कार्यालय संचालन | ५१ चालु ११ बिग्रेको |
| प्रोजेक्टर | ४ | कार्यालय कामकाज | सक्रिय |
| दराज | ६० | कार्यालय संचालन | सक्रिय |
| टेबल | ८० | कार्यालय संचालन | सक्रिय |
| जेनेरेटर | २ | कार्यालय संचालन | सक्रिय |
| सिलिङ फ्यान | ४० | कार्यालय संचालन | सक्रिय |
| गोदाम घर | १ | कार्यालय सामान भण्डारण | सक्रिय |
| रिभल्विङ चेयर | ६० | कार्यालय संचालन | सक्रिय |
| CCTV क्यामेरा | २७ | कार्यालय गतिविधि नियन्त्रण | सक्रिय |

CamScanner

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

## १०. आर्थिक वर्ष २०८१/०८२ का केही मुख्य नीतिहरु र कार्यान्वयनको अवस्था

| नीति तथा कार्यक्रम | कार्यान्वयनको अवस्था | |
|---|---|---|
| | भएको | नभएको |
| जलवायु परिवर्तन मैत्री कृषि प्रविधि प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा एकिकृत खेती व्यवसाय गर्न प्रोत्साहन | भएको | |
| ग्रामिण स्तरमा रहेका विपन्न वर्ग, जनजाती, एकल महिलाको आयस्तरमा वृद्धिका लागि विभिन्न वालीनाली सम्वन्धी अनुदान वितरण | भएको | |
| भकारो सुधार, साना सिचाई पोखरी निर्माणका लागि फर्म, समूह, सहकारीलाई अनुदान उपलव्ध | भएको | |
| जलवायु परिवर्तन मैत्री कृषि प्रविधि प्रवर्द्धन, जैविक विविधता संरक्षण तथा एकिकृत खेती व्यवसाय गर्न प्रोत्साहन | भएको | |
| कृषकलाई गाँउघरमा नै पशु उपचार सेवा प्रदान गर्न गाउँपालिकाबाट टाढा रहेका वडामा पशु स्वास्थ्य शिविर, आन्तरिक तथा वाह्य परजिवि नियन्त्रण | भएको | |
| निम्न आय भएका, विपन्न, एकल महिला, अपाङ्गलाई सजिलै आम्दानी गरी जिविकोपार्जन गर्ने उपायको रुपमा बाख्रा वितरण अनुदानका कार्यक्रम संचालन | भएको | |
| कृत्रिम गर्भाधानका माध्यमबाट स्थानीय पशुहरुको नश्ल सुधार गरी दुग्ध उत्पादन बढाउन संचालन भईरहेको कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता | भएको | |
| पशुपालन ब्यवसायमा जोखिम न्यूनिकरण गर्नका लागि पशुपंक्षी बिमालाई प्राथमिकरण | भएको | |
| आधारभूत तह उत्तिर्ण परीक्षा (कक्षा-८) संचालन कार्यलाई थप व्यवस्थित र प्रभावकारी | भएको | |
| सामुदायिक विद्यालयहरुमा कक्षा ६-१२ मा अध्ययनरत सबै छात्राहरुलाई स्यानीटरी प्याडको खरिद तथा वितरणको कार्यलाई निरन्तरता | भएको | |
| वालविकास केन्द्रका कक्षा कोठाहरुमा भित्ते लेखन गरी आकर्षक र ज्ञानमुलक बनाइने | भएको | |

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| छहरा झरना लगायतका पर्यटकीय स्थलको रुपमा विकास गर्न आवश्यक पूर्वाधार निर्माण तथा संरक्षण र संवर्द्धन गर्ने कार्यलाई निरन्तरता । | भएको | |
| गाउँपालिका मातहतका ६ वटै वडाहरुमा नागरिक आरोग्य कार्यक्रम र विद्यालयहरुमा विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम संचालन | भएको | |
| स्वास्थ्य स्वयमसेविकाहरुलाई निजहरुको सेवाको कदर गर्दै प्रोत्साहन स्वरुप वार्षिक भत्ता उपलब्ध गराइने कार्यलाई निरन्तरता | भएको | |
| घुम्ती स्वास्थ्य सेवा, निशुल्क गर्भवती जाँच सेवा, प्रसुति सेवा, खोप सेवा मार्फत स्वास्थ्य सेवामा आम नागरिकको पहुँच स्थापित गर्ने कार्यलाई निरन्तरता | भएको | |
| विपन्न नागरिकलाई मुटुरोग, मृगौला रोग, क्यान्सर, पार्किन्सन्स, अल्जाइमर्स, स्पाइनल इन्ज्युरी, हेड इन्ज्युरी आदिको लागि गाउँपालिकाले प्रदान गर्दै आएको आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता | भएको | |
| नृत्य तथा गायन क्षेत्रमा युवाहरुको प्रतिभा पहिचान तथा क्षमता विकासका लागि **Jorayal Idol** संचालन | भएको | |
| महिला विरुद्धका कुरिती. भेदभाव र हिंसा अन्त्य गर्न सामाजिक जागरण, सशक्तिकरण र महिला शिक्षाका कार्यक्रम संचालन | भएको | |
| सबै वडा कार्यालयहरुमा Biometric Device जडान गरी सामाजिक सुरक्षा भत्ता नविकरण तथा सबै किसिमका पेन्सन नविकरण सम्बन्धी कार्य Biometric Verification मार्फत | भएको | |
| उज्यालो गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिदै विद्युतको पहुँच नपुगेको वस्तीमा विद्युतीकरणको कार्य विस्तार | भएको | |
| मुख्य मुख्य स्थान तथा बजार क्षेत्रमा सौर्य सडक बत्ती जडान कार्यलाई निरन्तरता | भएको | |
| गाउँपालिका सम्पूर्ण बस्तिहरुमा 4G Mobile नेटवर्क सुविधाका लागि सम्बन्धित निकायमा पहल | भएको | |
| गर्भवती तथा सुत्केरी अवस्थाका महिलाहरुलाई उच्च स्तरीय सेवा प्रदान गर्ने स्थानमा आकस्मिक सेवा गर्नुपर्ने अवस्थामा एम्बुलेन्स सेवा | | नभएको |

चौरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| निशुल्क उपलब्ध | | |
| विकास निर्माण तथा सामाजिक निर्माण कार्यका लागि युवा स्वयमसेवक समूह गठन गरी परिचालन | | नभएको |
| सहकारी संस्थाहरुको सुदृढीकरण विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन नियमन र निरीक्षणको व्यवस्था | | नभएको |
| कर संकलनका लागि विभिन्न संचार माध्यमबाट चेतनामूलक प्रचारप्रसार र समुदाय स्तरीय कर शिक्षा कार्यक्रम सञ्चालन | | नभएको |
| विवादको समाधान वडास्तरमा गर्न मेलमिलाप शिविर सञ्चालन | | नभएको |
| ढुङ्गा, गिट्टी, बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनधिकृत/अवैज्ञानिक दोहनलाई नियन्त्रण | | नभएको |
| रानीवनको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक नीति निर्माण | | नभएको |
| गाउँपालिका अन्तर्गत संचालन हुने विकास निर्माणका कार्यहरुमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता | आंशिक भएको | |

## ११. बहिर्गमन मत (Exit poll) को नतिजा

सेवाग्राहीको लिङ्ग :– पु/स्त्री जात : उमेर : शिक्षा :
कार्यालय सम्म आइपुग्दाको समय :
१. यस कार्यालयको काममा मात्र आउनु भएको हो वा अन्य कामको लागि पनि ?
यस कार्यालयमै (२०) अन्य कार्यालयमा पनि (१०)
२) कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?
क) सिफारिस लिन/पुऱ्याउन (५)
ख) दर्ता/नवीकरण (५)
ग) आर्थिक सहयोग लिन (१)
घ) योजना माग गर्न (१)
ङ) योजनाको किस्ता लिन (०)
च) योजनाको मूल्याङ्कन गराउन (०)
छ) योजनाको अन्तिम भुक्तानी लिन (०)
ज) गाउँपालिकाले राखेको सूचना प्राप्त गर्न (३)
झ) सूचनामूलक सामग्री प्राप्त गर्न (१५)
ञ) अन्य कुनै भए (४) स्वास्थ्य सेवा, सुरक्षित मातृत्व सेवा लगायत)
३. तलको कुराहरुमा तपाईलाई कत्तिको जानकारी भयो ?

| सि.नं. | सेवाको नाम | मुल्याङ्कन (उपयुक्त कोष्ठमा रेजा लगाउने) | | |
|---|---|---|---|---|
| | | अति स्पष्ट | ठिकै | अस्पष्ट |
| १. | सेवा लिन कोसँग सम्पर्क गर्नुपर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ? | अति स्पष्ट (१८) | ठिकै (१२) | अस्पष्ट (०) |

CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| २. | सेवा प्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ? | अति धेरै (२४) | ठिकै (५) | थोरै (१) |
| ३. | तपाईप्रति सेवा प्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ? | मिलनसार र मैत्रीपूर्ण २८ | ठिकै (२) | अभद्र/अमर्यादित (०) |
| ४. | सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारे | अति स्पष्ट (१५) | ठिकै (१४) | अलमल हुने गरी अस्पष्ट सूचना दिए (१) |
| ५. | तपाईले राख्नु भएका समस्यालाई के-कस्तो समाधान दिए ? | अति सजिलो तरिकाबाट समाधान दिए (२०) | ठिकै (९) | समाधान दिन सकेनन् (१) |
| ६. | सेवा प्राप्त गर्न अपनाईएको प्रक्रिया के-कस्तो लाग्यो ? | अति सजिलो (छोटो) (१६) | ठिकै (१३) | लामो र झण्झटिलो (१) |

## १२. सामाजिक परीक्षणका क्रममा भएका समूह छलफलहरु

- मिति २०८२ भदौ ४ गते : जोरायल गा.पा. ६ को कफलतडीमा
- मिति २०८२ भदौ ३ गते : जोरायल गा.पा. २ को रिठामा
- मिति २०८२ भाद्र २ गते : जोरायल गा.पा. ३ कोलामा
- मिति २०८२ भाद्र २ गते : जोरायल गा.पा. ४ फलेडीमा

## १३. गाउँपालिकाबासीहरुबाट आएका राम्रा कुराहरु :

१- कृषिमा प्रविधिको विकास गर्न सहयोग भईरहेको ।
२- जनताले विकास निर्माणका कार्यहरुमा चाँसो राख्न थालेका ।
३- भौतिक विकास समानुपातिक वितरण भईरहेको ।
४- गत वर्षभन्दा रकम भुक्तानीमा सहज भएको ।
५- कृषकको स्तर उकास्ने खालका कार्यक्रम संचालन भएको ।
६- गाउँपालिकाले पर्यटकीय विकासमा राम्रो लगानी गरिरहेको ।
७- बगर खेतीको सुरुवात भएको ।
८- स्थानीय उत्पादनमा बृद्धि भईरहेको ।
९- लक्षित समुदायको सशक्तिकरण भईरहेको ।

## १४. गाउँपालिकाबासीहरुबाट आएका सुझावहरु :

- कृषकहरुलाई प्राविधिक सहयोग र अनुगमन निरन्तर हुनुपर्ने ।
- स्थानीय उत्पादनको बजारीकरणमा विशेष जोड दिनुपर्ने ।
- कृषिलाई थप प्रविधिमैत्री बनाईनुपर्ने ।
- स्थानीयस्तरमा रोजगारी सिर्जना हुने खालका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- विद्यालय शिक्षाको गुणस्तरमा जोड दिनुपर्ने ।
- प्राविधिक शिक्षामा जोड दिनुपर्ने ।

CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

- जोरायल-बुडर सडक छिटो कालो पत्रे गर्नुपर्ने ।
- बिचौलियाले आफुखुशी कृषि उपज खरिद गर्ने गरेको (समर्थन मुख्य कामय गर्नुपर्ने) ।
- जारिमघाट खोलामा पक्की पूल निर्माण पहिलो प्राथमिकतामा राखिनुपर्ने ।
- वडा तहमा पनि सार्वजनिक सुनुवाई हुनुपर्ने ।
- प्रत्येक योजनाको बजेट र खर्चको जानकारी उपभोक्ताहरुलाई दिइनुपर्ने (सार्वजनिक परीक्षण) ।
- प्राविधिक स्टिमेट उपभोक्ता समितिले बुझ्ने गरी बनाइनुपर्ने ।
- कामको आधारमा बिल भुक्तानी गरिनुपर्ने ।
- कर्मचारीहरु पनि लामो समय कार्यालय बाहिर जाँदा सेवा प्रभावित भएकोले सुधार गरिनुपर्ने ।

## १५. सामाजिक परीक्षकको टिप्पणी

- भौतिक पूर्वाधारका योजनाहरुमा सार्वजनिक परीक्षणलाई प्रभावकारी बनाईनु पर्ने देखिन्छ ।
- वडास्तरमा पनि अनिवार्य रुपमा कम्तीमा एक पटक सार्वजनिक सुनुवाई गर्नुपर्ने देखिन्छ ।
- केही कर्मचारीहरु लामो समयसम्म कार्यालयमा अनुपस्थित हुने गरेको भन्ने व्यापक गुनासो छ । यसलाई सुधार गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाले सञ्चालन गर्ने योजनाहरुलाई उत्पादनसँग जोडेर रोजगारी सिर्जना गर्नेतिर ध्यान दिनुपर्ने देखिन्छ ।
- गाउँपालिकाले फोहर व्यवस्थापन गर्न दिर्घकालीन सोच र ठोस योजना बनाउनुपर्ने देखिन्छ ।
- गाउँपालिकाले कुनै पनि क्षेत्रमा लगानी लगाउँदा त्यसको सम्भाव्यता अध्ययन गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिका क्षेत्रभित्र कार्यरत गरिरहेका गैरसरकारी संस्थाहरुसँग प्रभावकारी समन्वय बढाउन र उनीहरुका क्रियाकलापहरुलाई थप उपलव्धीमूलक बनाउन गैसस समन्वय समिति र गैसस डेस्क स्थापना गर्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाले सूचना, तथ्यांक विवरणहरु व्यवस्थित अभिलेखिकरण गर्नुपर्ने र गाउँपालिकाको वेवसाइट अपडेट राख्नुपर्ने देखिन्छ ।
- गाउँपालिकाका विषयगत शाखाहरुले स्थिति पत्र सार्वजनिक गर्नुपर्ने व्यवस्था भएकोमा सो गरेको पाईएन । त्यसैले सबै शाखाहरुले स्थिति पत्र सार्वजनिक गर्नुपर्ने देखिन्छ ।

**सामाजिक परीक्षकहरु**

१. रामहरि ओझा
२. झलक पाली
३. प्रेम बहादुर नेपाली
४. केशवनारायण जोशी

**सहजीकरण गर्ने संस्था**


लर्ड बुद्ध मिडिया हाउस प्रा.लि.डोटी


मिति : २०८२/०५/२० गते

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकोट, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत

**कार्यक्रमका केही फोटोहरु :**






CamScanner

जोरायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रावतकट्टे, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

गणेश दत्त भट्ट
प्रमुख प्रशासकीय अधिकृत







